# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडा माघ ४ गते २०११ साल

## भाग १

## प्र. म. राज्यव्यवस्थाको सूचना

मा. प्रे. २६(१क) १८–३।१०६५।११।१६६१ २६–८–०११

१. राज्यव्यवस्थाको स्वीकृतिबेगर कुनै विभागमा अड्डाखानाका कर्मचारीहरूले क्याजुयल लीभ लगायत बिदा लिन वा दिन नपाउनेबारे २५।६।११ मा श्री माननीय प्रधानमन्त्रीज्यूको आदेशानुसार सर्कुलर भएकोमा अबलाई सो बन्देज राख्नु नपर्ने देखिएकोले साबिक भैराखेको ऐन सवाल गजेटअनुसार गरे हुन्छ ।

२. यही माघ १ गते माघेसंक्रान्तिको दिन गजेटले बिदा नपाउने क्याजुयललीभ लिई बसे हुने, सोबमोजिम सबैले क्याजुयल बिदा लिन सेक्रेटरीयट र अड्डा-खाना बन्द हुन जाने भै अड्डा बन्द गर्न नहुने हुनाले विभागीय सेक्रेटरी र अड्डा अड्डाको हाकिम अफिसरहरूले अड्डा बन्द नहुने किसिमबाट आलो पालो मिलाई क्याजुयल बिदा लिन दिन पाइने भएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. मधेश पहाडमा पनि २ दफाबमोजिम क्याजुयल बिदा लिन दिन पाउने भएको छ।

४. अर्को सूचना नआएसम्म मधेश पहाडका हाकिम कारिन्दाका हकमा गौंडा, गढी, गोस्वाराका बडाहाकिमको इजाजतबेगर बिदा लिन दिन नपाउने र बिदा दिनैपर्ने आवश्यक परेमा बडाहाकिमले हेरी मुनासीब बिदाको स्वीकृति दिने र त्यसको विवरण तुरुन्त राज्यव्यवस्थामा पठाउनू भन्ने २५–६–०११ मा सर्कुलर र रेडियोबाट प्रसारित भएकोमा रद्द सोबमोजिम गर्नुपर्दैन। अघि भै राखेको ऐनसवाल गजेटअनुसार गरे हुन्छ।

आज्ञाले—
माणिकलाल,
का मु. सेक्रेटरी,— प्र. म. राज्यव्यवस्था.

---

गोरखापत्र छापाखानामा मुद्रित। सरदार विष्णुध्वज जोशी.

२९४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार